अनुसूची २

(दफा तथा अनसूची-को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/३१

**प्रमाणीकरण मिति : २०८१/०३/१३**

**भाग-२**

**जोशीपुर गाउँपालिका**

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१

**प्रास्तावना:** समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागिकोष स्थापना गर्न बान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जोशीपुर गाउँपालिकाले यो कोष सञ्चालन सम्वन्धि कार्यविधि बनाएको छ।

१. **संक्षिप्तनाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम"लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय"भन्नाले जोशीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(ख) “कोष”भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) “सञ्चालक समिति”भन्नाले दफा ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(च) “लैङ्गिक हिंसा”भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

**३. कोषको स्थापना** : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) जोशीपुर गाउँपालिका बाट प्राप्त रकम,

(ख) विदेशीव्यक्ति, अन्तराष्ट्रिय संघ संस्थावा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम बैंकमा छुटै खाताखोली जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने** :महिला हक हीतको संरक्षणका लागि गाउँपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमाजम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधिउपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।



सुशील पन्त
... प्रमाणित

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

**८. सञ्चालक समितिको गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ख) प्रमुख, इलाकाप्रहरी कार्यालय -सदस्य

(ग) गाउँ सभा सदस्य (महिला २ जना) -सदस्य

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य -सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) स्थानीयतहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुननदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रागर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधीउपचार गर्नु पर्ने भएमा अस्पताल आँउदाजाँदा सवारी साधनप्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनप्रयोग गर्दा लाग्ने भाडा रकम, खानाखर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार (५०००।-) रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया (२०,०००।-),

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्यकामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले दफा १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ

**१२. तत्काल रकम उपलव्ध गराउन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधिउपचार, पुर्नस्थापनावा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागिकोषबाट रु १०,०००।-(रु. दश हजार रुपैया मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चाक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।



मार्शल पन्त

**१४. छुट्टै खाता खोल्नु पर्ने :** (१) गाउँपालिकाबाट प्राप्तभएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाताखोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६. आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने:** (१) राहत समितिले प्रत्येक २ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१८. बैठक भत्ता:** सञ्चालक समितिका अध्यक्षवा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१९. निर्देशन दिन सक्ने** : (१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

मार्शल पन्त

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत